अनुसुची -२
प्रस्ताव नं. १
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१३० औ कार्यपालिका बैठक(२०८१/०७/३०)**

**विषय:** विपन्न नागरिक तथा परिवारको पहिचान सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/०७/२८

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम मा उल्लिखित **"विपन्न नागरिक रोजगार कार्यक्रम "** र **"विपन्नको चुल्होमा स्थानीय सरकार"** कार्यक्रम कार्यान्वयन गर्न ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिंक कुरा :-** प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम मा उल्लिखित **"विपन्न नागरिक रोजगार कार्यक्रम "** र **"विपन्नको चुल्होमा स्थानीय सरकार"** कार्यक्रम कार्यान्वयन गर्न नगरपालिका भित्रका विपन्न परिवारहरुको पहिचान हुनुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम मा उल्लिखित **"विपन्न नागरिक रोजगार कार्यक्रम "** र **"विपन्नको चुल्होमा स्थानीय सरकार"** कार्यक्रम कार्यान्वयन गर्न नगरपालिका भित्रका विपन्न परिवारहरुको पहिचान कार्यका लागि नगरपालिकाको डिजिटल प्रोफाईल निर्माण गर्न समय लाग्ने भएकोले सम्बन्धित वडा कार्यालय मार्फत विपन्न परिवार तथा नागरिकको पहिचान गर्नुपर्ने ।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम मा उल्लिखित **"विपन्न नागरिक रोजगार कार्यक्रम "** र **"विपन्नको चुल्होमा स्थानीय सरकार"** कार्यक्रम कार्यान्वयन गर्न नगरपालिका भित्रका विपन्न परिवारहरुको पहिचान कार्यका लागि नगरपालिकाको डिजिटल प्रोफाईल निर्माण गर्न समय लाग्ने भएकोले सम्वन्धित वडा कार्यालय मार्फत विपन्न परिवार तथा नागरिकको पहिचान निम्न आधारमा गर्ने ।

**निम्न**

क. कृषि भूमिको उपलब्धता, ख. परिवारको रोजगारीको अवस्था, ग. एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गताको अवस्था.
घ. परिवार संख्या ङ. खाद्य सुरक्षाको अवस्था

**५. नगरकार्यपालिकाको निर्णय :-**
**निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम हुने ।**

नगर प्रमुख

प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

अनुसुची -२
प्रस्ताव नं. २
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१३० औ कार्यपालिका बैठक(२०८१/०७/३०)**

**विषय:** डेरावाल घरधनीहरुको पहिचान सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/०७/२८

**१. विषयको संक्षिप्त व्यहोरा:-**प्यूठान नगरपालिकाको आन्तरिक आय बृद्धि गर्ने प्रयोजनको लागि प्यूठान नगरपालिकाको बजार क्षेत्रमा व्यापारिक तथा कार्यालय प्रयोजनको लागि घरभाडामा लगाएका घरधनीहरुको पहिचान गर्नुपर्ने ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकाको आन्तरिक आय बृद्धि गर्ने प्रयोजनको लागि प्यूठान नगरपालिकाको बजार क्षेत्रमा व्यापारिक तथा कार्यालय प्रयोजनको लागि घरभाडामा लगाएका घरधनीहरुको पहिचान वडा कार्यालय मार्फत गर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को आन्तरिक राजश्व अनुमानमा घरबहाल करको उल्लेख्य हिस्सा रहेकोले राजश्व अनुमान अनुसार लक्ष्य प्राप्तिको लागि घरबहाल कर तिर्ने करदाता पहिचान गर्न आवश्यक भएकोले ।

४. **निर्णय हुनुपर्ने व्यहोरा**:- प्यूठान नगरपालिकाको आन्तरिक आय बृद्धि गर्ने प्रयोजनको लागि प्यूठान नगरपालिकाको बजार क्षेत्रमा व्यापारिक तथा कार्यालय प्रयोजनको लागि घरभाडामा लगाएका घरधनीहरुको पहिचान वडा कार्यालय मार्फत निम्न स्थानहरुका घरधनी पहिचान गर्ने।

**निम्न**

चेरनेटा, क्वाडी , जुम्री, ढुङ्गेटाँटी, लम्छयाङनेटा, विजुवार, टारी, पुण्यखोला, टिकुरी, बाग्दुला, गेजबाङ, खप्रेङखोला, दम्ती, खरिवोट, बुढादेवी

**५. नगरकार्यपालिकाको निर्णय :-**
**निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम हुने ।**

नगर प्रमुख

अनुसुची -२

प्रस्ताव नं. ३

बुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१३० औ कार्यपालिका बैठक(२०८१/०७/३०)**

**विषय:** सार्वजनिक जग्गा पहिचान तथा संरक्षण सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/०७/२८

**१. विषयको संक्षिप्त व्यहोरा:**-प्यूठान नगरपालिकाभित्रका सार्वजनिक जग्गा पहिचान गरी अभिलेखिकरण तथा संरक्षण गर्नुपर्ने।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** स्थानीय सरकार संचालन ऐन-२०७४ र नेपालका प्रचलित अन्य कानूनहरुमा स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका सार्वजनिक जग्गा पहिचान र संरक्षण गर्ने जिम्मेवारी प्रदान गरेबमोजिम यस नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरुको पहिचान गरी संरक्षण गर्न आवश्यक रहेकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** स्थानीय सरकार संचालन ऐन-२०७४ र नेपालका प्रचलित अन्य कानूनहरुमा स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका सार्वजनिक जग्गा पहिचान र संरक्षण गर्ने जिम्मेवारी प्रदान गरेबमोजिम यस नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरुको पहिचान गरी संरक्षण गर्न संस्थागत क्षमता अभिबृद्धी गरी नगरपालिका र वडाहरुले सार्वजनिक जग्गा पहिचान र संरक्षण गर्ने ।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरपालिकाभित्रका सार्वजनिक जग्गा पहिचान गरी अभिलेखिकरण तथा संरक्षण गर्न संस्थागत क्षमता अभिबृद्धी गरी (थप जनशक्ति समेत) नगरपालिका र वडाहरुले सिघ्र संरक्षणका कृयाकलापहरु संचालन गर्ने।

**५. नगरकार्यपालिकाको निर्णय :-**

**निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम हुने ।**

नगर प्रमुख

नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
खलंगा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

अनुसुची -२
प्रस्ताव नं. ४
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१३० औ कार्यपालिका बैठक(२०८१/०७/३०)**

**विषय:** दहत्तर बहत्तर राजश्वको मु.अ.कर र अग्रिम कर दाखिला सम्बन्धमा ।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/०७/२८

**१. विषयको संक्षिप्त व्यहोरा:-** आ.व. २०८०/०८१ को नदीजन्य पदार्थको आय ठेक्का लगाउदा प्राप्त राजश्वबाट मूल्य अभिवृद्धि कर र अग्रिम कर दाखिला छुट हुन गएकोले उक्त छुट राजश्व संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** आ.व. २०८०/०८१ को नदीजन्य पदार्थको आय ठेक्का लगाउदा प्राप्त राजश्वबाट मूल्य अभिवृद्धि कर र अग्रिम कर दाखिला छुट हुन गएकोले उक्त छुट राजश्व संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रकमको श्रोत सुनिश्चित गर्नुपर्ने ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** आ.व. २०८०/०८१ को नदीजन्य पदार्थको आय ठेक्का लगाउदा प्राप्त राजश्वबाट मूल्य अभिवृद्धि कर र अग्रिम कर दाखिला छुट हुन गएकोले उक्त छुट राजश्व संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रकम यस आ.व.को नगरपालिकाको आन्तरिक आयबाट खर्च लेख्ने र आगामी नगरसभाबाट अनुमोदन गर्ने ।

४. **निर्णय हुनुपर्ने व्यहोरा**:- ओशन ई कन्सल्टेन्ट कन्ट्रक्सन सप्लायर्सलाई रु.४५ लाख ३१ हजार ३००को ढुङ्गा गिटी वालुवा विक्रि गरेकोमा सोको मूल्य अभिवृद्धिकर रु.५ लाख २१ हजार ३०० ढुङ्गा गिटी वालुवा तथा अमानतवाट रु.१८ लाख ४१ हजार को मूल्य अभिवृद्धि कर रु.२ लाख ११ हजार ७६६ तथा कवाडी विक्रि वापतको रकम रु.५ लाख १० हजारको रु.५८ हजार ६७२ समेत जम्मा रु.७ लाख ९१ हजार ७३८ मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्नेमा आ.व. २०८१/०८२ को अल्या तर्फबाट रु. ५,८१,४५०/- र नपुग रकम रु. २,१०,२८८/- आन्तरिक आयबाट खर्च लेखी नगरसभाबाट अनुमोदन गर्ने ।

**५. नगरकार्यपालिकाको निर्णय :-**
**निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम हुने ।**

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

अनुसुची -२
प्रस्ताव नं. ५
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१३० औ कार्यपालिका बैठक(२०८१/०७/३०)**

**विषय:** घर नक्सापास सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मितिं : २०८१/०७/२८**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिका भित्र निर्माण हुने घरहरुको नक्सापास अनिवार्य गर्ने।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिका क्षेत्रभित्र निर्माण हुने संरचनाहरुको नक्सापास नगराई र मापदण्ड नपुराई असुरक्षित तवरले घरहरु निर्माण भैरहेको सन्दर्भमा घर नक्सापास सम्बन्धी प्रावधानलाई कडाईका साथ पालना गराउन आवश्यक भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिका क्षेत्रभित्र निर्माण हुने संरचनाहरुको नक्सापास नगराई र मापदण्ड नपुराई असुरक्षित तवरले घरहरु निर्माण भैरहेको सन्दर्भमा घर नक्सापास सम्बन्धी प्रावधानलाई कडाईका साथ पालना गराउन आवश्यक भएकोले आफ्नो वडाभित्र निर्माण हुने नयाँ घरहरुलाई अनिवार्य नक्सापास गराई निर्माण गराउने व्यवस्था वडा कार्यालयहरुले मिलाउने।

४. **निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरपालिका क्षेत्रभित्र निर्माण हुने संरचनाहरुको नक्सापास नगराई र मापदण्ड नपुराई असुरक्षित तवरले घरहरु निर्माण भैरहेको सन्दर्भमा घर नक्सापास सम्बन्धी प्रावधानलाई कडाईका साथ पालना गराउन आवश्यक भएकोले आफ्नो वडाभित्र निर्माण हुने नयाँ घरहरुलाई अनिवार्य नक्सापास गराई निर्माण गराउने व्यवस्था वडा कार्यालयहरुले प्यूठान नगरपालिका पूर्वाधार विकास शाखासंग समन्वय गरी कार्यान्वयन गर्ने। नक्सापास नगरी निर्माण हुने संरचनाहरुको लागि पानी बिजुली सिफारिस नगर्ने।

**५. नगरकार्यपालिकाको निर्णय :-**
**निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम हुने ।**

अनुसुची -२

प्रस्ताव नं. ~~११~~ ६ ११/७/८१

बुदा नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय प्यूठान

प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

**१३० औ कार्यपालिका वैठक(२०८१/०७/३०)**

**विषय:** विविध सम्बन्धमा

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/०७/३०

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को कार्यसम्पादन र नगरपालिकाबाट कार्यान्वयन गरिने कामकाजको वारेमा गरिनुपर्ने विविध निर्णयहरु ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:** प्यूठान नगरपालिकामा कार्यपालिकामा पेश गरी कार्यान्वयन गरिनुपर्ने विविध विषयहरु उपर कार्यपालिकामा छलफल भई आवश्यक निर्णयहरु हुनुपर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकामा कार्यपालिकामा पेश गरी कार्यान्वयन गरिनुपर्ने विविध विषयहरु उपर कार्यपालिकामा छलफल गरी पारित गर्ने।

४. **निर्णय हुनुपर्ने व्यहोरा**:- तलसिल अनुसारका निर्णयहरु हुनुपर्ने

क. वडा नं. २ अन्तर्गत चिल घुम्ने डाँडामा १०० घन मिटरको रिजर्ववयर ट्याङ्की रहेको करिव १ रोपनी जग्गा र सोही चिल घुम्ने डाँडा देखी माथी ५० घन मिटर ट्याङकीले ओगटेको करिव ८ आना जग्गा र सो चिल घुम्ने डाँडा देखी माथी पानी प्रशोधनको लागी निर्माणाधिन ट्याङकी र प्रशोधन स्थलले ओगटेको करिव ४ रोपनी जग्गा साथै प्युठान नगरपालिका वडा नं.२ झिमरुक किनारामा बनेको सम्पोयल र पाले घरले चर्चेको करिव १ रोपनी सार्वजनिक जग्गा र निकट दिनमा निर्माण हुने नयाँ सम्पोयलले ओगट्ने करिव ८ आना जग्गा यस बृहत विजुवार शाना सहरी खानेपानी तथा उपभोक्ता तथा सरसफाई संस्था विजुवार प्यूठानलाई ५० वर्ष सम्मको लागी भोगाधिकार रहने गरी प्रचलित कानून वमोजिम आवश्यक प्रकृया पुर्याई भोग गर्नको लागि दिने निर्णय गर्ने।
साथै सोही खानेपानी आयोजना अन्तर्गत निर्माण हुने **"बल्देखोला वृहत विजुवार खा.पा.आ. प्यूठान न.पा. र नौवहिनी गा.पा. प्यूठान"** को निर्माणमा प्यूठान नगरपालिकाद्वारा ५ प्रतिशत लागत साझेदारी गर्ने निर्णय गरियो।

ख. प्यूठान नगरपालिका वडा नं. ९ निवासी शुशिल बि.क को बाबुको मृत्यु तथा आमा पूर्ण रुपमा अपाङ्ग भएको र निजलाई पालनपोषण तथा हेरचाह गर्नको लागि परिवारमा अन्य सदस्य नभएकोले निजलाई मुक्ति मा.वि. रातामाटामा संचालित अभिभावक विहीन वालवालिकाको लागि संचालित विद्यालयमा पठनपाठनको लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गर्ने।

ग. प्यूठान नगरपालिका वडा नं. ५ जुम्रिकाँडामा रहेको राधिका भुषालको नाममा रहेको कित्ता नं २०१० को १५९.०० बर्गमिटर क्षेत्रफल बराबरको जग्गा शहरी स्वास्थ केन्द्र ढुङ्गेठाँटीको नाममा पास गर्नका लागि जुम्रिकाँडा स्वास्थ्य चौकीका प्रमुख श्री गोविन्द के.सी.लाई प्रतिनिधी तोकी पठाउने र वडा नं. ५ को चिरन्जिवी भुषालको नाममा रहेको कित्ता नं २०११ को २०६.०० बर्गमिटर क्षेत्रफल बराबरको जग्गा ५ नं वडा कार्यालयको नाममा पास गर्नका लागी सोही वडाका वडाध्यक्ष श्री नन्दे पुनमगर लाई प्रतिनिधी तोकी पठाउने निर्णय गर्ने।

**५. नगरकार्यपालिकाको निर्णय :-**

**निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम हुने ।**

नगर प्रमुख

CamScanner

अनुसुची -२
प्रस्ताव नं. ७
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१३० औ कार्यपालिका बैठक(२०८१/०७/३०)**

**विषय:** जगाको भोगाधिकार सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/०७/३०

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान उद्योग वाणिज्य संघ , प्यूठानको चलानी नं. १०८ मिति २०८१/०२/०८ को यस नगरपालिकालाई जग्गा उपलब्ध गराईदिनुहुन भन्ने विषयको पत्र प्राप्त भएको ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः :-** प्यूठान उद्योग वाणिज्य संघको लागि प्रदर्शनी स्थल सहितको बहुउद्देश्यीय उद्योग वाणिज्य संघ सभाहल निर्माण गर्न जग्गा आवश्यक भएको।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान उद्योग वाणिज्य संघको लागि प्रदर्शनी स्थल सहितको बहुउद्देश्यीय उद्योग वाणिज्य संघ सभाहल निर्माण गर्न जग्गा आवश्यक भएकोमा सभाहलको लागि प्यूठान नगरपालिका वडा नं ७ साविकको विजुवार गा.वि.स वडा नं. २ मा रहेको कित्ता नं. कित्ता नं. ३६८ को २७००० बर्गमिटर सार्वजनिक जग्गा अस्थायी रुपमा भोगचलन गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने।

**४. निर्णय हुनुपर्ने व्यहोराः-** प्यूठान उद्योग वाणिज्य संघको लागि प्रदर्शनी स्थल सहितको बहुउद्देश्यीय उद्योग वाणिज्य संघ सभाहल निर्माण गर्न जग्गा आवश्यक भएकोमा सभाहलको लागि प्यूठान नगरपालिका वडा नं ७ साविकको विजुवार गा.वि.स वडा नं. २ मा रहेको कित्ता नं. ३६८ को २७००० बर्गमिटर सार्वजनिक जग्गा अस्थायी रुपमा भोगचलन गर्नका लागि कानून बमोजिम हुन जिल्ला मालपोत कार्यालय प्यूठान र जिल्ला प्रशासन कार्यालय प्यूठानमा सिफारिस गरी पठाउने।

**५. नगरकार्यपालिकाको निर्णय :-**

**निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम हुने ।**

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख